खण्ड १: बोलपत्र आव्हानको सूचना

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर,चितवन
वाग्मती प्रदेश नेपाल

सूचना प्रकासनको लागि राष्ट्रिय स्तरमा शिलवन्दि बोलपत्र आह्वान गरिएको सूचना

RAT/CHITWAN/Service/1/080/81

**प्रथम पटक प्रकाशित मिति: २०८१।०३।११**

१ यस कार्यालयबाट आ.व. २०८१/०८२ मा प्रकाशित हुने सार्वजनिक खरिद तथा वोलपत्र आह्वान गर्दा प्रकासित गरिने सूचनाहरु न्यूनतम दररेटमा क वर्गको राष्ट्रिय स्तरको दैनिक पत्रीका (देशभर पुग्ने) मा प्रकासित गर्नु पर्ने भएकोले उक्त कार्य सिलबन्दी बोलपत्रद्वारा गर्नु परेकोले मिति २०८१।०३।११ देखि मिति २०८१।०४।१० गते सम्म(३० दिन) कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर रु.१०००।– अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) राष्ट्रिय वाणिज्य वैङ्क टाँडी मा रहेको आन्तरिक राजस्व खाता नं (ग-१-१) १८३०१००३०१०१०००३ जम्मा गरि चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म कंपनि तथा विज्ञापन ऐजेन्सीहरु लाई यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र फाराम रत्ननगर नगरकार्यपालिकाको कार्यालय, रत्ननगरमा निबेदन पेश गरी खरिद गर्न सकिनेछ ।

२. one door system) मार्फत काठमान्डौ वाट प्रकाशित हुने गोरखापत्र, नागरिक, राजधानी, अन्नपूर्ण, मध्यान्न, कारोवार, अभियान, कान्तीपुर, नयाँपत्रीका लगायत अन्य राष्ट्रिय दैनिक पत्रीकाको भित्री पृष्ठ सादा मा प्रकासन हुने सूचनाको न्यूनतम दररेटमा प्रकासित गर्ने इच्छुक फर्म कंपनी तथा विज्ञापन एजेन्सीहरु लाई यो सूचना प्रकासित गरिएको छ ।

३. बोललपत्र फाराममा उल्लेखित राष्ट्रिय दैनिकको भित्री पृष्ठमा प्रकासित हुने सूचना प्रती सि.सि. न्यूनतम दररेटमा प्रकासित गर्ने इच्छुक फर्म कंपनी तथा विज्ञापन एजेन्सीको बोलपत्र स्वीकृत गरिने छ । दफा २ मा उल्लेखित प्रत्येक राष्ट्रिय पत्रीकामा सूचना प्रकासित गर्दा लाग्ने प्रति सि सि रकम भिन्दा भिन्दै उल्लेख गरी शिलवन्दी फाराम दर्ता गर्नुपर्ने छ ।

४. सिलबन्दी बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

५. मिति २०८१/०४/१० गते दिनको १२:०० बजे भित्र आफैंले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिन छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

६. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन ।

९ दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक ब्यक्तिको सही र छाप अनिबार्य रुपमा लागेको हुनु पर्नेछ । साथै बोलपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

१०.यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्बजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ। बिस्तृत जानकारीको लागी रत्ननगर नगरपालिकाको कार्यालय रत्ननगर, चितवनमा कार्यालय समय भित्र योजना तथा अनुगमन उपशाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

CamScanner